# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को दफा(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

**सूचना सार्वजनिक गरेको अवधिः २०७५ श्रावण देखि २०७६ असार मसान्त सम्म**

## १. निकायको स्वरुप र प्रकृतिः

"ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम" को रुपमा आ.व. २०३९।०४० मा शुरु भएको महिला विकास अभियान कार्यक्रमहरुबाट प्राप्त उपलव्धी, अनुभव र समसामयिक आवश्यकताका आधारमा २०५२ असोज ६ गते "महिला तथा समाज कल्याण मन्त्रालय" को स्थापना भयो । महिला तथा समाजका विभिन्न वर्गको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै दिगो शान्ति एवं विकासमा उनीहरुको भूमिकालाई सशक्त बनाउने कार्यमा संलग्न महिला तथा समाज कल्याण मन्त्रालयको नाम बालबालिकालाई अझ उच्च प्राथमिकता दिने हेतुले २०५७ मा मन्त्रालयको नाम परिवर्तन गरी "महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय" नामाकरण गरियो । २०७५ सालबाट यस मन्त्रालयको नाम महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय रहेको छ ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ आनुसार महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको कार्यक्षेत्र भित्र महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनको साथै अध्ययन, अनुसन्धान तथा सर्वेक्षणका विषयहरु तोकिएका छन् । यसैगरी अनाथ बालबालिका, असहाय महिला, बृद्धरबृद्धा, अपाङ्गता भएका व्यक्तिहरु रअशक्तको संरक्षण, बालबालिकाको कल्याण, ज्येष्ठ नागरिकको सुरक्षा र कल्याण, महिला कल्याण तथा सीप विकास पनि यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछन् । यस मन्त्रालयको दायरा भित्र राष्ट्रिय महिला आयोग, समाज कल्याण परिषद्, समाज कल्याण केन्द्र बृद्धाश्रम र बाल मन्दिरका विषयहरु पनि पर्दछन् ।

महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी राष्ट्रियरअन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघरसंस्थासंग सम्पर्क र समन्वय तथा परिचालन र सरकारी तथा गैर सरकारी संघरसंस्थाद्वारा कार्यान्वयन गरिएका महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी कार्यक्रमको अनुगमन गर्ने

लगायत धर्मपुत्ररधर्मपुत्री, लैंङ्गकि हिंसा सम्बन्धी विषयहरु पनि नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्न आउादछ ।

यसरी विभिन्न नीति, ऐन, नियम (कानूनहरु), दीर्घकालीन तथा आवधिक योजनाहरु, नेपाल पक्ष भएका क्षेत्रीय एवं अन्तरार्ष्ट्रिय महासन्धि तथा इच्छाधिन आलेखहरु, नेपाल पक्ष भएका विभिन्न अन्तरार्ष्ट्रिय सभा(सम्मेलनहरु यस मन्त्रालयका कार्यादेशका आधारहरु हुन । यस बमोजिम मन्त्रालयले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र तेश्रो लिङ्गी समेतको लागि समय सापेक्ष नीति निर्माण, समन्वय र सहकार्य तथा कार्यक्रम संचालन(मूलतः सचेतना अभिबृद्धि र सशक्तिकरण गर्ने कार्य गर्दछ ।

समग्रतामा मूलप्रवाहीकरण, सशक्तिकरण र समावेशीकरण जस्ता रणनीतिको आधारमा समतामय सम्पन्न समुदाय निर्माण गर्न विभिन्न विपन्न वर्गका लागि समयको प्रवाहसंगै सार्थक पहल गर्ने उद्देश्यपूर्तिका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय स्थापना भएको हो ।

## २. निकायको काम, कर्तव्य र अधिकारः

## नेपाल सरकार कार्यविभाजन नियमावली २०७४ बमोजिम महिला, बालबालिकातथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यक्षेत्र

१) महिलाहकएवं सशक्तिकरणसम्बन्धी नीति, कानून र मापदण्ड,

२) अन्तरदेशीयधर्मपुत्र, धर्मपुत्री,

३) महिला हिंसा, मानव बेचबिखनतथाओसारपसार नियन्त्रण,

४)जेष्ठनागरिक, बालबालिका र अपाङ्गताभएकाव्यक्तिसम्बन्धी,

५) महिला सशक्तिकरण तथा लैङ्गिक समानताकाविषयमाअध्ययन, अनुसन्धान,

६) लैङ्गिक हिंसासम्बन्धीनिरोधात्मक र पुनर्स्थापनासम्बन्धीनीति, कानून र मापदण्ड,

७) बालबालिका, बालकल्याण, उद्धार, पुनर्स्थापना र बृद्धाश्रमसम्बन्धीनीति, कानून, र मापदण्ड,

८)गैरसरकारी संस्थासम्बन्धीनीति, कानून, मापदण्ड, नियमन र अनुगमन,

९) राष्ट्रिय महिलाआयोग,

१०)समाज कल्याण परिषद्,

११)मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,

१२)मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनीआदिको सञ्चालन र नियमन ।

## ३. निकायमा रहने कर्मचारी सख्या विवरणः

**संगठन संरचना**

- महिला, वालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः दरबन्दी संख्या ८६
- महिला तथा वालबालिका बिभाग : दरबन्दी संख्या १९
- समाज कल्याण परिषद : दरबन्दी संख्या १७०
- केन्द्रिय बाल कल्याण समिति : दरबन्दी संख्या ४०(अस्थाई रपरियोजनाका समेत)
- पशुपती वृद्धाश्रम : दरबन्दी संख्या २९(अस्थाई र करार समेत)
- बाल सुधार गृहः भक्तपूर, कास्की, मोरङ, मकवानपूर, डोटी, रुपन्देही, बाँके, पर्सा
- बाल गृहः मोरङ, सप्तरी, रुपन्देही
- दिवाशिशु स्याहार केन्द्रः सिंहदरवार

## ४. निर्णय गर्ने प्रक्रिया र अधिकार

- मन्त्रालयको आन्तरिक व्यवस्थापनको लागि ३ चरण
- क्याविनेटमा जाने प्रस्तावको लागि ४ चरण

## ५. निर्णयउपर उजुरी सुन्ने अधिकारीः

- उजुरी सुन्ने अधिकारी उप सचिवश्री पृथ बहादुर के.सी. ( कर्मचारी प्रशासनशाखा) गुनासो उपर पुनारावेदन सुन्ने अधिकारी सह सचिवसहसचिवश्री राजेन्द्र कुमार पौडेल (कर्मचारी प्रशासनमहाशाखा)

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रालयको संगठनिक संरचना



## ७. सूचना अधिकारी र प्रमुखको नाम र पद

सचिव, श्री चन्द्र कुमार घिमिरे , सम्पर्क नम्बर ४२००४०८

सूचना अधिकारी श्री सुनिता नेपाल (उपसचिव), सम्पर्क नम्बर ४२००२७५

## ८. नीति, राष्ट्रिय कार्ययोजना, ऐन, नियम तथा निर्देशिकाको सूची:

### क) राष्ट्रिय कार्ययोजनाहरू

- बालबालिका सम्वन्धि राष्ट्रिय नीति २०६९
- ज्येष्ठ नागरिक सम्वन्धी कार्ययोजना, २०६२,
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०
- लैङ्गिक समानता तथा महिला सशक्तिकरण (बेइजिङ्ग कार्ययोजना) कार्यान्यनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६१
- मानव बेचविखन विशेष गरी महिला तथा वालवालिकाहरूको बेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८
- अपाङ्गता सम्बन्धी १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना (२०७३-२०८२)
- राष्ट्रपति महिला उत्थान कार्यक्रम १० वर्षे रणनीति योजना, २०७५
- महिला उद्यमशिलता विकास र वित्तिय पहुँच सम्वन्धी अवधारणा, २०७५

### ख) ऐन, निर्देशिका, रणनीति, कार्यविधि तथा मापदण्डहरू

**बालबालिका सम्बन्धी**

- बालविवाह अन्त्यको लागि राष्ट्रियरणनीति,२०७२
- बालबालिकासम्बन्धी ऐन २०७५
- बालबालिकासम्बन्धी नियमावली,२०५१
- आपत्कालीन बालउद्धार कोष (सञ्चालन) नियमावली, २०६७
- बाल हेल्पलाइन सञ्चालन कार्यविधि,२०६४
- आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९
- सडक बालबालिकाको व्यवस्थापन मार्गदर्शन,२०७२
- बालविवाहा विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि, २०७५

- सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७५
- बालगृहसंचालन कार्यविधि २०७५
- बाल संरक्षण आर्थिक राहत सहयोग, कार्यविधि, २०७६ सिंहदरवार परिसर भित्र निजामती कर्मचारीका शिशुहरुको लागि संचालित दिवा शिशुस्याहार केन्द्र संचालन कार्यविधि २०७१
- सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२

**महिलासम्बन्धी**

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- घरेलुहिंसा (कसूररसजाय) ऐन, २०६६
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) ऐन, २०७१
- बोक्सी आरोपविरुद्धको कसुर र सजाय ऐन, २०७२
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५
- एकल महिला सुरक्षा कोष नियमावली, २०७०
- लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७
- छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४
- पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका (पहिलो संशोधन) २०७२
- पुनस्थापना कोष सञ्चालन निर्देशिका, २०६८
- मानव बेचबिखन विरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८
- मानव बेचबिखन तथा ओसारपसार्बाट पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४
- मानव बेचबिखन तथा ओसारपसर विरुद्धको राष्ट्रिय समितिको सदस्य छनौट मापदण्ड, २०७४
- श्रमजीवी महिलाहरु प्रति डान्स रेष्टुरेन्ट, डान्सबार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५
- एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१
- लैंगिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल (Male Leader Network) परिचालन सम्बन्धी कार्यविधि, २०७५
- लैंगिक हिंसा पीडितको तत्काल उद्धार, राहत, न्यायमा पहुँच तथा पुनर्स्थापना सम्बन्धी नमूना कार्यविधि, २०७६
- राष्ट्रपति महिला उत्थान कार्यक्रम संचालन कार्यविधि, २०७४

- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०७५
- दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७५
- राष्ट्रपति महिला उत्थान बहुआयामिक नमुना ग्राम स्थापना, सञ्चालन तथा व्यवस्थापनको कार्यक्षेत्रगत शर्त, २०७५
- मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन निर्देशिका, (२०७०)
- अल्पकालिन सेवा केन्द्रको नमुना कार्यक्षेत्रगत शर्त (Terms of Reference), २०७४
- दीर्घकालीन मंगलासहाना पुनस्र्थापना केन्द्र स्थापना सम्वन्धी कार्यक्षेत्रगत शर्तहरु २०७५

**अपाङ्गता भएका व्यक्तिसम्बन्धी**

- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४(संशोधित)
- अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१
- अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण कार्यविधि (नमूना),२०७५
- सि.वि.आर.कार्यक्रम सञ्चालन निर्देशिका, २०६८
- अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९
- पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको लागि आवासीय पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७२
- अपाङ्गता भएका व्यक्तिहरूको क्षेत्रमा काम गर्ने संस्थालाई स्थानीय तह मार्फत उपलब्ध गराउने अनुदान सम्बन्धी (नमूना) कार्यविधि २०७५
- अपाङ्गता सम्बन्धी सूचना तथा सहयोगी कक्ष (हेल्पडेक्स) संचालन सम्बन्धी कार्यविधि, २०७१
- सी.बी.आर. कार्यक्रम कार्यान्वयन गर्नको लागि संस्था छनौट सम्बन्धी मापदण्ड, २०७१

  सी.बी.आर. कार्यक्रम संचालनसम्बन्धी खर्च विधि, २०७२
- सार्वजनिक एवं सेवा प्रदायक संस्था बीचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको आवासीय पुनर्स्थापना सेवा सञ्चालन विधि, २०७२

**ज्येष्ठनागरिकसम्बन्धी**

- ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३
- ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५
- ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२
- ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्ने संस्थाले स्थानीय तहमार्फत उपलब्ध गराउने अनुदान सम्बन्धी नमूना कार्यविधि, २०७५
- ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६१
- ज्येष्ठ नागरिक परिचय पत्र — वितरण निर्देशिका, २०७४
- केन्द्रीय ज्येष्ठनागरिक समितिमा सदस्यको मनोनयन सम्बन्धी मापदण्ड, २०७५

**अन्य**

- स्थानीय तहमा महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपांगता विषय हेर्ने कर्मचारीको नमूना कार्यविवरण
- स्थानीय तहमा सञ्चालन गरिने महिला विकास कार्यक्रमको परिचय, उद्देश्य र कार्यान्वयन विधि

९.	आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण

**आ.व.०७५।०७६ को बार्षिक चौमासिक प्रगतिको अद्यावधिक विवरण**

| सि.न. | ब.उ.शि.नं. | कार्यक्रमको नाम | वार्षिक वजेट रु. हजारमा | दोस्रो चौमासिक बजेट (रु हजारमा) | प्रथम चौमासिक खर्च (000) | भौतिक प्रगति (%) | वित्तिय प्रगति (%) |
|---|---|---|---|---|---|---|---|
| १ | ३४००११ | महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय p1 | ६८८०६ | ६७७९४ | १०० | ९८.५३ | ६८८०६ |
| २ | ३४००१४ | समाज कल्याण केन्द्रहरु p1 | २४२६० | १७३०६ | १०० | ७१.३४ | २४२६० |
| ३. | ३४०१०२ | महिला सशक्तीकरण कार्यक्रम (मन्त्रालयस्तर) p1 | ४२४४८ | ३२८९८ | ८७.२ | ७७.५ | ४२४४८ |
| ४. | ३४०१०५ | समाज कल्याण कार्यक्रम ( ज्येष्ठ नागरिक कार्यक्रम समेत) p1 | ६०५०० | ५७३४२ | ९६.४ | ९४.७८ | ६०५०० |
| ५. | ३४०१०७ | वालकल्याण कार्यक्रम p1 | ५५८३८ | ४०७७६ | ८३.३३ | ७३.०३ | ५५८३८ |
| ६. | ३४०१०१ | महिला विकास कार्यक्रम (केन्द्रस्तर/विभाग) p1 | २८७०० | २५४९७ | ९२.२७ | ८८.८४ | २८७०० |
| ७. | ३४०११२ | लैङ्गिकहिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम p1 | ३७३४१ | २८३३९ | ८५.४५ | ७५.८९ | ३७३४१ |
| ८. | ३४००१३ | समाजकल्याण परिषद् p2 | ४००० | ४००० | १०० | १०० | ४००० |
| ९. | ३४०१०८३ | वालकल्याण समिति p2 | १११३०० | ५८२९६ | ६९.१० | ५२.३८ | १११३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. | ३४०११३ | राष्ट्रपति महिला उत्थान कार्यक्रम p2 | २५६१५१ | १३८४०२ | ८१.२ | ५४.०० | २५६१५१ |
| | | **जम्मा** | ६८९३४४ | ४७०६५० | | ६८.२८ | ६८९३४४ |

**१०.** http://mowcsc.gov.np/**मा वार्षिक प्रगति प्रतिवेदन राखिएको**

**११. मन्त्रालयको वेबसाइटः** http://mowcsc.gov.np/

१२. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सोउपर सूचना दिएको विवरण**

**आ.व. २०७५।०७६ को तेस्रो चौमासिकमा माग भएको सूचनाको विवरणः**

१२ वटा माग भएकोसूचना उपलब्ध गराईएको । यस चालु आ.व मा जम्मा ३८ वटा सूचनाहरु विभिन्न माध्याम वाट उपलब्ध गराईएको ।

१३. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन हुने विवरण**

http://dwd.gov.np/en

http://www.icab.gov.np/

http://www.swc.org.np/downloads/

## १४. स्वीकृत वार्षिक कार्यक्रम

**आ.व. २०७५/७६ को बार्षिक स्वीकृत बजेट**

**बजेट रु. हजारमा**

| सि.नं. | बजेट उप शीर्षक | कार्यक्रम/ आयोजना | आ.व.०७४/७५ को वार्षिक स्वीकृत वजेट | आ.व.०७५/७६ को वार्षिक स्वीकृत वजेट | चालु | पूँजीगत | नेपाल सरकार | वैदेशिक | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३४००११३/४ | महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालय (P1) | ६३६६८ | ५८३०० | ५७४०० | ९०० | ५८३०० | ० | ५८३०० |
| २ | ३४००१३ | समाजकल्याण परिषद् (P2) | २०००० | २५०० | २५०० | ० | २५०० | ० | २५०० |
| ३ | ३४००१४ | समाजकल्याण केन्द्रहरु (P1) | ४८९०९ | २६४०० | २६००० | ४०० | २६४०० | ० | २६४०० |
| ४ | ३४०१०१३/४ | महिला विकास कार्यक्रम,(P1) (विभाग) | ६६४४२ | २८७०० | २८४०० | ३०० | २८७०० | ० | २८७०० |
| ५ | ३४०१०२३/४ | महिला सशक्तीकरण कार्यक्रम (P1) | ११३८७७ | ४०८०० | ४०६०० | २०० | ४०८०० | ० | ४०८०० |
| ६ | ३४०१०५३ | समाजकल्याण कार्यक्रम (ज्येष्ठ नागरिक कार्यक्रम समेत) (P1) | १३९४७५ | ५६५०० | ५६५०० | ० | ५६५०० | ० | ५६५०० |
| | | समाजकल्याण कार्यक्रम (अपाङ्गता तथा सि.वि.आर कार्यक्रम समेत) (P1) | १२१६६३ | | | | | | |
| ७ | ३४०१०७३/४ | वाल कल्याण कार्यक्रम (P1) | ८४२८८ | ३४१०० | २३४०० | १०७०० | ३४१०० | ० | ३४१०० |
| ८ | ३४०१०८३/४ | वालकल्याण समिति (P2) | ७८६०१ | ९१३०० | ९१३०० | ० | ५१७०० | ३९६०० | ९१३०० |
| ९ | ३४०११२३/४ | लैंगिक हिंसा निवारणकालागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम (जिल्लास्तर) (P1) | २८३३६९ | ३०५५०० | ३०५५०० | ० | ० | ३०५५०० | ३०५५०० |
| १० | ३४०११३ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | ११०३२० | २९५७०० | २९५७०० | ० | २९५७०० | ० | २९५७०० |
| | **जम्मा** | | **११३०६१२** | **९३९८००** | **९२७३००** | **१२५००** | **५९४७००** | **३४५१००** | **९३९८००** |

## १५. प्राथमिकता प्राप्त (P1) आयोजना/कार्यक्रमहरुको आ.व. २०७५/०७६ को तेस्रो चौमासिक समीक्षा कार्यक्रमको स्थिति, कार्यन्वयनमा देखिएका समस्या र समाधानार्थ भएका प्रयासहरु

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट आ.व ०७५/०७६ मा सम्पादित तेस्रो चौमासिक प्रगति विवरण ।**

| क्र.स | ब.उ.शि.न. | कार्यक्रमको नाम | तेस्रो चौमासिक बजेट रु हजारमा | तेस्रो चौमासिक खर्च शिर्षक रु हजारमा | तेस्रो चौमासिकको मात्र प्रगति | | मूख्य उपलब्धी |
|---|---|---|---|---|---|---|---|
| | | | | | वित्तीय % | भौतिक% | |
| १ | ३४००११ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २७५८८. | २६५७६. | ९६.३३ | १०० | अनिवार्य दायित्व सम्बन्धि खर्च शिर्षकहरु समावेश भएको । |
| २ | ३४००१४ | समाज कल्याण केन्द्रहरु | २३३३. | २३३३. | ५२ | १०० | १५० जना ज्येष्ठ नागरिकहरुले पशुपति वृद्धाश्रममा आश्रय लिइरहेका। |
| ३. | ३४०१०२ | महिला सशक्तीकरण कार्यक्रम | १४३५९. | ७४०५. | ३७.७७ | ८७.२ | ७३ वटासहजीकरण समितिको बैठक सम्पन्न गरी अन्तर्राष्ट्रिय संस्थाहरुको ८७ वटा परियोजना सम्झौता/साधारण सम्झौता/परियोजना सम्झौता संशोधन गर्नका लागि समाज कल्याण परिषद्लाई स्वीकृति प्रदान गरेको,६ वटा राष्ट्रिय गैरसरकारी संस्थाहरुको अनुगमन/निरीक्षण सम्पन्न भएको,Male Leader सम्बन्धी कार्यविधि,२०७५ प्रकाशन । साथै मिति २०७५/१२/११ र १२ गते लैंगिक सम्पर्क विन्दु तथा पुरुष संजालका सदस्यहरुको अन्तरक्रिया कार्यक्रम सम्पन्न ।<br>नेपाल टेलिभिजन मार्फत संगित सहितको त्ख्क्ष् व्प्लनभि उत्पादन तथा प्रसारण भइसकेको । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ३४०१०५ | समाज कल्याण कार्यक्रम (ज्येष्ठ नागरिक कार्यक्रम समेत) | १६९७१. | १३७६८ | ९०.७४ | ९६.४ | ज्येष्ठ नागरिक प्रति हुने दुर्व्यवहार विरुद्ध दिवस मनाइएको ।,ज्येष्ठ नागरिक सम्बन्धी नीति एवं १० वर्षे कार्ययोजनाको मस्यौदा तयार भएको ।सामुदायिक विद्यालयका विद्यार्थीहरु दिउँसोको खाजाको प्रवन्ध भई करिब ११०० विद्यार्थीहरु लाभान्वित भएका, ज्येष्ठ नागरिक सम्मान, उद्घोषण तालीम, शसक्तीकरण, साइवर क्राइम, अन्य जनचेतनामूलक कार्यक्रम, नेपाल नेत्रहीन संघ मार्फत १० जना दृष्टिविहिनलाई कम्पुटर तालिम र २३ जनालाई बिउ पुजी वितरण \|३. कुष्ठरोग निवारण संघद्वारा १३६ जना कुष्ठरोगीलाइ कुष्ठरोग आरोग्य आश्रम खोकनामा आवासीय रुपमा राखिएको र ४५ जना लाई निर्बाह भत्ता बितरण, सामाजिक कार्यका लागि सम्पूर्ण शक्ति नेपालले अपाङ्गता भएका ३० जनालाई स्वरोजगार सम्बन्धी बिभिन्न तालिम प्रदान गरिएको \|, अटिजम केयर सोसाइटीले अटिजम भएका बालबालिका तथा अभिभाबक १०४ जनालाई तालिम प्रदान गरेको \|,४० जना अपाङ्गता भएका व्यक्तिका परिवारका सदस्यलाई हेरचाह सम्बन्धी तालिम प्रदान \| |
| ५ | ३४०१०७ | वालकल्याण कार्यक्रम p1 | १८२३९. | ८६८९. | ६०.०६ | ८३.३३ | दिवा शिशुस्याहार केन्द्रको तला थप गर्ने कार्य सम्पन्न भएको।,शिशु स्याहार केन्द्रको प्रभावकारीता अध्ययन गरी प्रतिवेदन वुझाइएको बालबालिका सम्बन्धी ऐन २०७५ स्वीकृती भई बालबालिका सम्बन्धी नियमावली तर्जुमाको लागि समिति गठन उक्त समितिले नियमावलीको मस्यौदा तयार पारीसकेको ।,कानूनी विबादमा परेका बालबालिकाहरुलाई बालसुधार गृहमा राखी उनीहरुको आचारणमा सुधार ल्याउने उद्धेश्यले संचालित बालसुधार गृहहरुको सन्चालनको लागि युसेप नेपाललाई अनुदान रकम उपलब्ध गराईएको ।निजामती कर्मचारीका ३ महिना देखि ३ वर्ष सम्मका शिशुहरुको कार्यालय समयमा हेरचाह गर्ने प्रयोजनका लागि संचालित दिवा शिशु स्याहार केन्द्र संचालनका लागि निजामती कर्मचारी श्रीमती संघलाई विनियोजित अनुदान रकम निकासा दिईएको । हाल ८६ जना शिशुहरु रहेका छन् । |
| ६. | ३४०१०१ | महिला विकास कार्यक्रम (केन्द्रस्तर/विभाग) p1 | ३३४१०. | ३०२५२. | ८१.१२ | ९२.२७ | महिला तथा बालबालिका विभागको अनिवार्य दायित्व सम्बन्धि खर्च शिर्षकहरु समावेश भएको । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | ३४०११२ | लैंगिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम p1 | ३७७१९. | २२६५७. | ३०.५७ | ८५.४५ | • ७० जनाको सहभागीतामा सम्पन्न भएको ।<br>• नेपाल सरकार (मन्त्रीस्तर) बाट मिति २०७५।४।३ मा स्वीकृत<br>• ७ जिल्लाको ८ स्थानीय तहमा ८८१ जनाको उपस्थितिमा पुरुष सहभागीता रणनीति सम्बन्धी छलफल तथा वृत्तचित्र प्रर्दशन<br>• प्रमुख महिला विकास अधिकृत, महिला विकास अधिकृत तथा अन्य कर्मचारीहरुलाई तालिम दिईएको ।<br>• ९४२ जना जनप्रतिनिधि तथा सामाजिक विकास शाखाका कर्मचारीलाई अभिमुखीकरण गरिएको ।<br>• विपद् प्रतिकार्यका लागि संरक्षण विषयगत क्षेत्रको भुमीका, रणनीतिक कार्ययोजना सम्बन्धमा सरोकारवालाहरु समक्षमा जानकारी भयो<br>• प्रदेशस्तरमा विपद् प्रतिकार्यका लागि नक्शांकन गर्न सहयोग पुगेको ।<br>स्थानीय तहमा खटिएका मनोसामाजिक विमर्शकर्ताहरुलाई विपद प्रतिकार्य, लैाङ्गक हिंसाबारे तालिम दिइएको । |
| ८ | ३४००१३ | समाज कल्याण परिषद् p2 | ९२०८४ | ३९०८०. | १०० | १०० | • संघसंस्था आवद्घताः यस आबमा २१२० (हालसम्म ५०३९३ वटा) कार्यक्रम स्वीकृत तथा अनुमोदन<br>• ७२० संस्थाका १०६४ वटा कार्यक्रमवाट करिब रु १६ अर्ब ६१ करोड ४३ लाख<br>• स्वीकृतिको दायरामा ल्याइएको गै.स.स.को खर्च अनुमोदन (४३ संस्था) रु. १ अर्व २६ करोड ५१ लाख<br>• ४८ गै.स.स.को परियोजना सम्झौता ः रु. २६ अर्व २० करोड २७ लाख<br>• ३८ वटा अ.गै.स.स.को परियोजना सम्झौता संशोधनः बजेध थप रु. ३२ करोड ९३ लाख<br>• गै.स.स. अनुगमन मूल्यांकन- २२६ संस्थाको ३५६ वटा परियोजना<br>• अ.गै.स.स. को मूल्यांकन - ९१ संस्थाकव् मध्यावधि र अन्तिम गरी जम्मा ११३ वटा परियोजना<br>आय रु १४२३९०८३१।९२<br>व्यय रु १४०३३५२१६।६० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | ३४०१०८३ | वालकल्याण समिति p2 | १२९६७. | ३९६५. | ४२.४३ | ६९.१ | बालबालिका खोजतलास तथा उद्धार कार्य प्रयोजनको लागि सवारी साधन खरिद गरिएको, सात प्रदेशका १३ जिल्लाका १४ स्थानीय तहका ६९५ जना (निर्वाचित प्रतिनिधिः २७८ जना, कर्मचारीः ४१७ जना) स्थानीय तह प्रमुख तथा सम्पर्क व्यक्तिलाई बालअधिकारको दृष्टिकोणबाट स्थानीयतहको योजना तर्जुमा विधि बारे अभिमूखीकरण गरिएको,गण्डकी र कर्णाली प्रदेशका २१४ जना (१७० जना निर्वाचित प्रतिनिधि, ४४ जना कर्मचारी) सामाजिक विकास मन्त्रालयका पदाधिकारी, राजनैतिक दलका प्रतिनिधि लगायतका प्रदेश स्थित सरोकारवालाहरूसँग बाल संरक्षणका विषयमा अन्तरक्रिया सम्पन्न गरिएको ।,जोखिमपूर्ण अवस्थामा रहेका १५३५ (बालक ७५० र बालिका ७८५) जना बालबालिकाको आपतकालीन उद्दार गरी संरक्षण व्यवस्थापन सेवा प्रदान गरिएको ।,हराएका ९५७ (बालक २८१र बालिका ६७६) जना बालबालिका मध्ये फेला परेका २८१ (बालक ८९ र बालिका १९२) जना बालबालिका र बेवारीस फेला परेका १४० (बालक ७६ र बालिका ६४) जना बालबालिका गरी ४२१ (बालक १६५ र बालिका २५६) जना बालबालिकाको उद्धार, संरक्षण र परिवारमा पुनर्मिलन तथा बाल गृहमा पुनर्स्थापन गरिएको । ७ वटा प्रदेशका ६५ जिल्लाका 195 वटा महिला तथा बालबालिका सेवा केन्द्रमा कार्यरत 415 जना प्रहरी कर्मचारीहरूलाई बालबालिका खोजतलास नं. 104 को सेवा प्रवाह अभिवृद्धि र बाल अधिकार प्रवर्धन बारे अभिमूखीकरण गरिएको ।प्रदेश नं. ३ को काठमाडौं उपत्यकाका ४८ वटा बाल गृहहरूको अनुगमन गरी मापदण्ड अनुकुल नभएका ३ वटा बाल गृहबाट १५३ जना बालबालिका (बालकः ९५, बालिकाः ५८) को उद्धार गरी बाल गृह बन्द गर्न कारवाही गरिएको । |
| १० | ३४०११३ | राष्ट्रपति महिला उत्थान कार्यक्रम p2 | २५३१३१ | ७३३८२. | २८.९८ | ८१.२ | सातै प्रदेशमा ७ जना परामर्शदाताबाट देहाय बमोजिमका स्थानमा बहुआयामिक नमुना ग्रामको सम्भाव्यताअध्ययन गरी प्रतिवेदन प्राप्त भएको, उद्यमशिलता विकास तथा वित्तिय पँहुच सम्बन्धी दोस्रो चरणमा बाकेको नेपालगंजमा ३५ जना महिला उद्यमिलाई तालिम प्रदान गरिएको ।,राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम मानव विकास सुचकाङ्गकमा पछी परेका ३० जिल्लामा संचालन गरिएको ।, १७ जना गर्भवती तथा सुत्केरी महिलाको उद्धार गरिएको । |
| | | जम्मा | ५०८८०१. | २२८१०७. | ४४.८३ | | |

## १६. प्राथमिकता प्राप्त (P1) आयोजना/कार्यक्रमहरुको आ.व. २०७५/०७६ को वार्षिक समीक्षा कार्यक्रमको स्थिति, कार्यन्वयनमा देखिएका समस्या र समाधानार्थ भएका प्रयासहरु

**मन्त्रालय/निकायको नाम :- महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

- पहिलो प्राथमिकता प्राप्त आयोजना/कार्यक्रमहरुको जम्मा संख्या :- ७
- सो मध्ये प्रगति विवरण प्राप्त आयोजना/कार्यक्रमहरुको संख्या :- ७
- ८० प्रतिशत वा सो भन्दा माथि प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरुको संख्या :-३
- ५० प्रतिशतदेखि ७९.९९ प्रतिशतसम्म प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरुको संख्या :-४
- ५० प्रतिशतभन्दा कम प्रगति हासिल गरेका आयोजना /कार्यक्रमहरुको संख्या :- ०

| क्र. सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| १ | ३४०१०२ | महिला सशक्तिकरण कार्यक्रम | ८७.२ | ७७.५ | • भारतको मणिपुरस्थित विभिन्न सेल्टरमा रहेका १७९ लाइ उद्धार गरी नेपाल ल्याईएको।<br>• भारतको मिजरोममा रहेका २३ जना महिलाहरुलाइ उद्धार गरि नेपाल ल्याइएको ।<br>• सिन्धुपाल्चोक र मकवानपुर जिल्लामा मानब बेचबिखन ओसारपसार जोखिम उन्मुखता नक्शांकन नमूना सर्वेक्षण सम्पन्न गरिएको ।<br>• Gender Focal Points संग CEDAW को छैटौं प्रतिवेदन र सो को समापन टिप्पणीका विषयमा छलफल तथा Gender Focal Points कार्यशर्तनामाको सार्वजनिकीकरण गरिएको ।<br>• राष्ट्रिय लैगिक समानता नीति, १५ औं योजना, CSW लगायत अन्य समसामियक विषयमा छलफल गरी | • CRC, CEDAW, UNCRPD जस्ता अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन तीनै तह संघ, प्रदेश र स्थानीय० बाट गर्नुपर्ने तर संघ बाहेकका तहबाट रिर्पोटिङ्ग हुने नसकेकोले अन्तर्राष्ट्रिय | एकमुष्ठ प्रगतिमा समावेश गर्न नसिकएको । | |

| क्र. सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु ( एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | महत्वपूर्ण सुझाव प्राप्त भएको ।<br>• एकल महिला सुरक्षाकोषबाट नियमानुसार एकल महिलाहरुलाई राहत उपलब्ध गराईएको ।<br>• एकल महिला सुरक्षा कोष नियमावली परिमार्जन गरी मन्त्रिपरिषदमा पेश गरिएको ।<br>• BPFA को पछिल्लो ५ बर्षको समिक्षा प्रतिवेदन तयार गरी परराष्ट्र मन्त्रालयमार्फत संयुक्त राष्ट्र संघीय स्थायी नियोग र UNESCAP मा पठाईएको ।<br>• सातै प्रदेशका समाजिक विकास मन्त्री तथा सचिवसंग छलफल गरी मन्त्रालयका कामलाई प्रदेश स्तरमा मूल प्रवाहीकरण गर्न ११ बुँदे प्रतिवद्धता गरिएको ।<br>• मोरङ र सुनसरी जिल्लाका सबै स्थानीय तहका ११६ जना न्यायिक समितिका पदाधिकारीहरु र सम्बन्धित कमर्चारीहरुलाई समितिको कार्य सम्पादन सम्बन्धी प्रयोगात्मक अम्यास सहितको कार्यशाला सम्पन्न गरिएको।<br>• अन्तराष्ट्रिय महिला अधिकार दिवस मार्च ८ र प्रथम राष्ट्रिय महिला अधिकार दिवस जेठ १६ भव्यताका साथ सम्पन्न गरिएको साथै २०७६ साल लाई "लैंङ्गिक विभेद विरुद्धको अभियान वर्ष" घोषणा भएबमोजिम कार्यान्वयन कार्ययोजना निर्माण गरिएको ।<br>• Commission on the Status of Women (CSW) को ६३ औं Session मा सम्माननीय राष्ट्रपतिज्यूवाट Women in Power मा माननीय मन्त्रीयज्यूवाट Country Statement र | रिपोर्टिङ्गमा समस्या उत्पन्न भएको । | | |

| क्र. सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | Round Table Discussion तथा महाशाखा प्रमुखवाट Panel Discussion मा सहभागिता जनाइएको ।<br>• UN Women र मन्त्रालयबीच सन् २०१८-२२ सम्मका लागि MoU भएको ।<br>• UN संग सम्बन्धित अन्य प्रतिवेदनहरु तयार गरी पेश गरिएको ।<br>• UN Women र मन्त्रालयको सहकार्यमा संचालित FWW र AWEE कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारबाट फर्केका लगायत अन्य महिलाहरु गरी २८४४ ले जीवनपयोगी तालिम प्राप्त गरेका ।<br>• Male Leader सम्बन्धि कार्यविधि, २०७५ प्रकाशन ।<br>• लैंगिक सम्पर्क विन्दु तथा पुरुष संजालका सदस्यहरुको अन्तक्रिया कार्यक्रम सम्पन्न भएको ।<br>• लैंगिक हिंसा निवारण कोषबाट ३१ जना लैंगिक हिंसा पीडितले ३२ लाख २६ हजार रकम क्षतिपूर्ति वापत प्राप्त गरेका।<br>• लैगिक हिंसा विरुद्धको १६ दिने अभियानमा ७ वटै प्रदेशमा करिव ३००० सहभागीहरुबीच अन्तरक्रिया संचालन गरि सम्पन्न गरिएको।<br>• उक्त सात वटै प्रदेशका कार्यक्रमको एकमुष्ट प्रतिवेदन र डकुमेन्ट्रि तयार भएको ।<br>• मंगला सहाना दीर्घकालीन पुर्नस्थापना केन्द्रमा हाल २२ जना महिला तथा किशोरीहरुले आश्रय लिइरहेका ।<br>• अदालतवाट जारी भएका फैसला कार्यान्वयन गर्ने | | | |

| क्र. सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | शिलशिलामा लगतकट्टाको लागि २० वटा पत्रहरु फैसला कार्यान्वयन निर्देशनालयमा लेखी पठाईएकोमा ९ वटाको लगत कट्टा भएको ।<br>• संघ, संस्था स्थापना, दर्ता तथा संचालन सम्वन्धी विधेयकको मस्यौदा निर्माण भएको ।<br>• अन्तर्राष्ट्रिय संस्थाहरुको ८७ वटा परियोजना सम्झौता/ साधारण सम्झौता/ परियोजना सम्झौता संशोधन गर्नका लागि समाज कल्याण परिषदलाई स्वीकृति प्रदान गरेको ।<br>• ६ वटा राष्ट्रिय गैरसरकारी संस्थाहरुको अनुगमन/निरीक्षण सम्पन्न भएको । | | | |
| २ | ३४०१०५ | समाज कल्याण कार्यक्रम (अपाङ्गता, सि.बि.आर र ज्येष्ठ नागरिक कार्यक्रम समेत) | ९६.६ | ९४.७८ | **ज्येष्ठ नागरिक**<br>• ज्येष्ठ नागरिक सम्बन्धी अन्तरक्रिया गोष्ठी र परामर्श वैठक प्रदेश नं .१ र ५ मा सम्पन्न गरिएको ।<br>• सम्वद्ध निकाय एवं सरोकारवाला संघसंस्थालाई ज्येष्ठ नागरिक सम्बन्धी ऐन कानूनहरु बारे जानकारी प्रप्त भएको ।<br>• ज्येष्ठ नागरिक सम्बन्धी नीति एवं १० वर्षे कार्ययोजनाको मस्यौदा तयार भएको ।<br>• सरोकारवालाहरुबाट आएको सुझावहरुलाई समेत समावेश गरी तयार भएको ज्येष्ठ नागरिक सम्बन्धी ऐनको मस्यौदा संघीय संसदमा दफावार छलफल भईरहेको । | | | |

| क्र.सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु ( एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | • ज्येष्ठ नागरिक सम्बन्धी दिवस विशेषगरी अल्जाइमर्श र ज्येष्ठ नागरिकप्रति हुने दुर्व्यवहार विरुद्ध कार्यक्रम संचालन भएको ।<br><br>अपाङ्गता ( सि.वि.आर.कार्यक्रम )<br>• सम्बन्धित संघसंस्थालाई अनुदान दिईएको जस मार्फत ४१७ अपांगता भएका व्यक्तिहरुले विभिन्न सेवा प्राप्त गरेका ।<br>• दृष्टिविहीन अपाङ्गता भएका महिलाहरुको लागि सुरक्षित आवास तथा तालिम केन्द्रको भवन काठमाडौँको डाछीमा निर्माण हुदै गरेको<br>• सातै प्रदेशबाट यस वर्ष ५२८ थान सहायक सामग्री वितरण र परामर्श सेवा प्रदान गरिएको राष्ट्रय अपाङ्ग कोष बाट १२६१ थान गरी जम्मा १७८९ थान सहायक सामग्री वितरण गरिएको ।<br>• पूर्ण अशक्त अपांगता भएका व्याक्तिको परिवारको एक जना सदस्यलाइ हेरचाह सम्बन्धी रोजगारमूलक तालिम काठमाडौँ र लाहानमा राष्ट्रिय अपाङ्ग महासंघ मार्फत संचालन गरिएको,<br>• अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली तयार गरी मन्त्रिपरिषदमा पेश गरिएको,<br>• अपाङ्गता परिचयपत्र वितरण कार्यविधि) नमुना ( २०७५ बनाइ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्थानीय तहमा पठाईएको,। | | | |

| क्र.सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | • अपांगता भएका व्यक्तिको हेरचाह सम्बन्धी तालिम निर्देशिका तयार भएको। | | | |
| ३. | ३४०१०७ | वालकल्याण कार्यक्रम | ८३.३३ | ७३.०३ | • दिवा शिशु स्याहार केन्द्रको भवनमा तला थप गर्ने प्रयोजनार्थ सिंहदरवार सचिवालय पुनर्निर्माण समितिलाइ रकम निकासा भई तला थपको कार्य सम्पन्न भएको ।<br>• दिवा शिशु स्याहार केन्द्रको प्रभावकारीता अध्ययन गरी प्रतिवेदन वुझाइएको<br>• बालबालिका सम्बन्धी ऐन २०७५ स्वीकृती भई बालबालिका सम्बन्धी नियमावलीको मस्यौदा मन्त्रालयमा पेश गरिएको ।<br>• बालदिवस २०७५, भाद्र २९ र दोस्रो नेपाल बालिका सम्मेलन साथै अन्तराष्ट्रिय बालअधिकार दिवस नोभेम्बर, २० भव्यताका साथ मनाईएको । | | अध्ययन समितिले काम गरिरहेको । | |
| ४. | ३४०१०१ | महिला तथा बालबालिका बिभागबाट सम्पन्न भएका कार्य(केन्द्रस्तर) | ९२.२७ | ८८.८४ | • यूनिसेफको सहयोगमा ११ जिल्लाका ८ **स्थानमा** जम्मा १०९ पालिकाको (१९२ महिला र १५१ जना पुरुष) स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुका लागि योजना तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न ।<br>• युनएफपिएको सहयोगमा ३ वटा (रौतहट, सर्लाही, रुपन्देही) जिल्लाका स्थानीय तहका पदाधिकारीहरुलाई महिला मैत्री स्थल बारे अभिमुखीकरण ।<br>• युनएफपिएको सहयोगमा विपद् व्यवस्थापनका सिलसिलामा महिलामैत्रीस्थल संचालन निर्देशिकाको मस्यौदा तयारी र महिला मैत्रीस्थल सञ्चालन गर्ने सहजकर्ताकालागि तालिम निर्देशिका मस्यौदा तयारी । | • मन्त्रालयबाट प्रदेश सरकार र स्थानीय तहमा पठाईएको सशर्त अनुदानको कार्यान्वयनको रिर्पोटिङ नहुने गरेको । | एकमुष्ठ प्रगतिमा समावेश गर्न नसकिएको | |

| क्र.सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| ५. | ३४०११२ | लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम, केन्द्रस्तर | ८५.४५ | ७५.८९ | • स्थानीय तहमा पुरुष सहभागिता रणनीति प्रचार प्रसार तथा पुरुष सहभागिता वृत चित्र प्रर्दशन गरिएको ।<br>• ७ जिल्लाको ८ स्थानीय तहमा ८८१ जनाको उपस्थितिमा पुरुष सहभागीता रणनीति सम्बन्धी छलफल तथा वृतचित्र प्रर्दशन गरिएको ।<br>• प्रमुख महिला विकास अधिकृत, महिला विकास अधिकृत तथा अन्य कर्मचारीहरुलाई तालिम दिईएको ।<br>• ९४२ जना जनप्रतिनिधि तथा सामाजिक विकास शाखाका कर्मचारीलाई अभिमुखीकरण गरिएको ।<br>• प्रदेशस्तरमा विपद् प्रतिकार्यका लागि नक्शांकन गर्न सहयोग पुगेको ।<br>• स्थानीय तहमा खटिएका मनोसामाजिक विमर्शकर्ताहरुलाई विपद प्रतिकार्य, लैंगिक हिंसाबारे तालिम दिइएको । | | | |
| ६. | ३४००१३ | **समाजकल्याण परिषद्** | १०० | १०० | • संघसंस्था आवद्धताः यस आबमा २१२० (हालसम्म ५०३९३ वटा)<br>कार्यक्रम स्वीकृत तथा अनुमोदन<br>• ७२० संस्थाका १०६४ वटा कार्यक्रमवाट करिब रु १६ अर्ब ६१ करोड ४३ लाख<br>• स्वीकृतिको दायरामा ल्याइएको गै.स.स.को खर्च अनुमोदन (४३ संस्था) : रु. १ अर्व २६ करोड ५१ लाख<br>• ४८ गै.स.स.को परियोजना सम्झौता : रु. २६ अर्व २० करोड २७ लाख<br>• ३८ वटा अ.गै.स.स.को परियोजना सम्झौता संशोधनः बजेट थप रु. ३२ करोड ९३ लाख<br>• गै.स.स. अनुगमन मूल्यांकन- २२६ संस्थाको ३५६ वटा परियोजना<br>• अ.गै.स.स. को मूल्यांकन - ९१ संस्थाको मध्यावधि र अन्तिम | • परिवर्तित सन्दर्भमा संघ संस्था सम्बन्धी ऐन जारी नभएको यसैबीच केही प्रदेशहरुले यस्ता ऐन जारी गरेबाट अ.गै.स.स. र गै.स.स.ले परिचालन गर्ने वैदेशिक सहयोगको स्वीकृति, अनुगमन र सहजीकरणमा | मस्यौदा ऐन तयार गरी समन्वयका लागि प्रम कार्यालयमा पठाइएको । | |

| क्र. सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | गरी जम्मा ११३ वटा परियोजना | द्विविधा उत्पन्न भएको । | | |
| ७. | ३४०१०८३ | **<u>राष्ट्रय बाल अधिकार परिषद</u>** | ६९.१० | ५२.३८ | बालबालिका खोजतलास समन्वय केन्द्र नं.१०४ सम्बन्धी<br>• हराएका ३४२२ बालबालिका (बालक १०५१ र बालिका २३७१)<br>• हराएका मध्ये फेला परेका १४५२ ( बालक ४७३ र बालिका ९७९ जना)<br>• बेवारीस फेला परेका ५११ जना बालबालिका (१७१ बालिका र ३४० जना बालक)<br>• पारिवारिक पुनर्मिलन भएका १७४२बालबालिका( १०८७ बालक र ६५५ बालक)<br>• बाल गृहमा पुनर्स्थापना २१६ बालबालिका - ६३ बालिका र १५३ बालक)<br>• ७ वटा प्रदेशका ६५ जिल्लाका १९५ वटा महिला तथा बालबालिका सेवा केन्द्रमा कार्यरत ४२१ जना प्रहरी कर्मचारीहरुलाई बालबालिका खोजतलास नं.१०४ को सेवा प्रवाह अभिवृद्धि तथा प्रतिवेदन तयारी र बाल अधिकार प्रवर्धन बारे अभिमूखीकरण गरिएको ।<br><br><u>बाल हेल्पलाइन नं.१०९८ सम्बन्धी</u><br>• जोखिमपूर्ण अवस्थाबाट आपत्कालीन उद्दार गरिएका जम्मा बालबालिका ३५०१ जसमा ( बालक १६६४ र | | | |

| क्र. सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | बालिका १८३७),मनोविमर्श २१७० जना, पारिवारिक परामर्श १८१४ जना, स्याहार तथा संरक्षण १३२५ जना,शैक्षिक सहयोग ८९३, कानूनी सेवा ४९७, जीविकोपार्जन सहयोग ३२ जना, आवास तथा बाल विवाह रोकथाम ६९४ जना, स्वास्थ्य उपचार सहयोग ३८१ जना बालबालिका ।<br><u>बालगृह तथा बाल अधिकार हनन् का घटनाहरूको अनुगमन र नियम-</u><br>• प्रदेश नं .३ को काठमाण्डौ उपत्यका र अन्य जिल्लाका गरि ८२ वटा बालगृहहरुको अनुगमन गरिएको ।<br>• मापदण्ड अनुकूल सञ्चालन नभएका ५ वटा बाल गृहबाट १९२ जना बालबालिका जसमा ११६ बालक र ७६ जना बालिकाको उद्धार गरिएको ।<br>• उद्धार गरिएका मध्ये १५३ जना बालबालिका जसमा बालक ९१ र बालिका ६२जनाको पारिवारमा पुनर्मिलन गरिएको<br>• उद्धार गरिएका मध्ये परिवारमा पुनर्मिलन हुन नसकेका जम्मा ३९ जना जसमा (२६ बालक र १३ बालिका)लाई बालगृहमा पुनर्स्थापना गरिएको<br>• सञ्चार माध्यमबाट बालबालिका उपर हुने घरेलु हिंसा, दुर्व्यवहार, बलात्कार, बाल विवाह अन्त्य र बाल गृहमा बालबालिकालाई अन्तिम विकल्पको रूपमा मात्र राख्ने लगायतका बाल अधिकार र | | | |

| क्र. सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु ( एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | कानूनी विषयमा थाहा सञ्चार, उज्यालो, सामूदायिक रेडियो इमेज नेटवर्कका ४२० वटा एफ.एम. रेडियो बाट ३४ हजार ५११६ पटक बाल सचेतना सन्देश प्रसारण तथा प्रसार गरिएको .<br>• सञ्चार माध्यम एफ.एम .रेडियो र पत्र पत्रीक बाट बाल हेल्पलाइनको सेवा र बाल अधिकार प्रवर्धन सन्देश उत्पादन गरी थाहा सञ्चार उज्यालो सामुदयिक रेडियो इमेज नेटवर्कका ४२० वटा एफ.एम .रडियोहरु बाट २५ हजार १८१ पटक र दुई वटा टेलिभिजन सुनगाभा र चितवन युनिक बाट १ हजार२६० पटक गरी बाल सचेतना सन्देश प्रसारण गरिएको .<br>• बाल हेल्पलाइन सम्बन्धी जानकारी मूलक पोस्टर, पम्पलेट र फ्लेक्स प्रकाशन गरी १२ वटा हेल्पलाईन नं.१०९८ संचालन गर्ने संस्थाहरु मार्फत१६ जिल्लाका १४८ स्थानीय तहहरूमा र जिल्लास्तरका सार्वजनिक स्थानहरूमा वितरण गरिएको ।<br>• बालबालिकाको हक हित, बालअधिकार संरक्षण तथा सम्वर्धनका निम्ति व्यवसायिक पत्रकारिता माध्यमबाट<br>बालबालिका सम्बन्धी प्रचार प्रसारमा महत्वपूर्ण योगदान पुरयाउनु हुने १० जना पत्रकारहरू र एउटा रेडियो बाजुरालाई नेपाल पत्रकार महासंघसँगको समन्वयमा सम्मान तथा पुरस्कृत गरिएको । | | | |

| क्र. सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु ( एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | • त्रिभुवन विश्वविद्यालयसँगको समन्वयमा मनोविज्ञान,<br>सामाजिक कार्य र जन प्रशासन विषयको स्नातकोत्तर तहमा अध्ययनरत ६ जनालाई बाल अधिकार विषयमा शोध्त्त्रपत्र लेखन सहयोग गरिएको ।<br>• संघीय संसद प्रतिनिधि सभा महिला तथा सामाजिक समितिका माननीय सदस्यहरू महिला, बालबालिका तथा ज्येष्ठ नागरिक_मन्त्रालयका माननीय मन्त्रीज्यू समेत गरी कूल ३२ जनाको समुपस्थितिमा बालबालिका सम्बन्धी वर्तमान कानूनी तथा नीतिगत व्यवस्था लगायतका विषयमा अभिमूखीकरण तथा अन्तरक्रिया सम्पन्न गरिएको ।<br>• प्रदेश नं. १ , ५ ,गण्डकी, सुदूरपश्चिम र कर्णाली प्रदेशका जम्मा ४०९ जना, निर्वाचित २४८ जनप्रतिनिधि, कर्मचारी १६१ जना( सामाजिक विकास मन्त्रालयका पदाधिकारी र राजनीतिक दलका प्रतिनिधि लगायतका प्रदेश स्थित सरोकारवाला प्रतिनिधसँग बाल संरक्षणका विषयमा अन्तरक्रिया सम्पन्न गरिएको ।.<br>• सातै प्रदेशका २६ जिल्ला ४७ स्थानीय तहका १ हजार ८३४ जना निर्वाचित जनप्रतिनिधि, ७३४ जना कर्मचारी ११०० जना स्थानीय तह प्रमुख, सम्पर्क व्यक्ति र कर्मचारीलाई बाल अधिकारको | | | |

| क्र. सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु ( एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | दृष्टिकोणबाट स्थानीय तहको योजना तर्जुमा विधि बारे अभिमूखीकरण गरिएको । ७ प्रदेशका १४ स्थानीय तहमा ३८२ जना जसमा निर्वाचित १५३ जना र कर्मचारी २२९ जना को सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।<br>• ५ वटा प्रदेशका प्रदेश नं१ .,२,३, गण्डकी र ५ का ५५ जिल्लाका जिल्ला अध्यक्ष सहित बालबालिकाको विषयमा पत्रकारिता गर्दै आएका ३१४ जना पत्रकारहरूलाई बालमैत्री सञ्चार निर्देशिका, २०७३ तथा यसको व्यख्यात्मक टिप्पणीका विषयमा जानकारी गराई सो को पालनामा प्रतिवद्धता समेतको सहजीकरण गरिएको .<br>• प्रदेश नं २ का धनुषा र पर्षा, प्रदेश नं ३ का रामेछाप र दोलखाका ३४७ जना निर्वाचित जनप्रतिनिधि ,१५७ जना कर्मचारी, १९० जना नेपाल प्रहरी तथा संघ संस्थाहरूका प्रतिनिध समेतलाई बाल संरक्षण सम्बन्धी घटना व्यवस्थापन तालीम प्रदान गरिएको ।<br>• राष्ट्रिय अध्ययन अनुसन्धानमा बाल संरक्षण सम्बन्धी सूचकहरूका बारेमा केन्द्रीय तथ्याङ्क विभागसँग प्राविधिक बैठक सम्पन्न गरिएको ।<br>• सामाजिक कार्यकर्ता र मनोवेत्ताहरूको लागि तर्जुमा गरिएको बाल अधिकारमा आधारित पाठ्यक्रम समाविष्ट गर्नका लागि त्रिविवि अन्तर्गतका | | | |

| क्र. सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | संकायहरू, विभागीय प्रमुखहरू तथा समितिहरूसँग समन्वय तथा परामर्श बैठक सम्पन्न गरिएको .<br>• बाल हेल्पलाईन न. संचालनमा रहेका ११ वटा जिल्ला मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला सल्लाहकार समन्वय समितिका ४७३ जना पदाधिकारीको सहभागितामा २५ पटक बैठक सम्पन्न गरिएको ।<br>• केन्द्र तथा ११ जिल्लामा बाल हेल्पलाइनको सेवा प्रवाहको प्रभावकारिता तथा रेफरल प्रणाली सुदृढीकरणका लागि २०७२ जनाको सहभागितामा ४१ वटा बैठक सम्पन्न गरिएको, ११ वटै बाल हेल्पलाइन नं. १०९८ मा सेवाको नक्सांकन गरी रेफरल प्रणाली संचालनमा रहेको ।<br>• बाल हेल्पलाइन नं.१०९८ को अर्धवार्षिक र वार्षक समीक्षा सम्पन्न भएको ।<br>• ११ वटा बाल हेल्पलाईन नं.१०९८ संचालनमा रहेका संस्थाका घटना व्यवस्थापक, मनोविमर्सदाता र आइ. टि. सम्बन्धि कर्मचारीहरु १,१ जनालाई विषयगत क्षमता अधिबृद्धि तालिम संचालन गरिएको ।<br>• ११ जिल्ला मध्ये ८ जिल्लामा २४ घण्टा हेल्पलाइन सेवा शुरूवात गरिएको<br>• बाल हेल्पलाइन नं१० .९८ सञ्चालनमा रहेका ११ वटा जिल्लाहरू, परिवारमा पुनर्मिलन गरिएका १०२ बालबालिकाको अवस्था र जीविकोपार्जन सहयोग गरिएका ३२ जना परिवारको अवस्था अनुगमन | | | |

| क्र. सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु ( एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | गरिएको ।<br>• लैङ्गिक हिंसामा परेका बालबालिकाको व्यवस्थापन सम्बन्धी समन्वय बैठक प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा ४ जिल्लामा कूल २२० जनाको सहभागितामा ८ पटक सम्पन्न गरिएको । | | | |
| ८. | ३४०११३ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | ८१.२ | ५४.०० | • राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयन १० वर्षे कार्ययोजना तयार भएको ।<br>• छाउपडि, लैंगिक हिंसा र मानव बेचविखन विरुद्ध तीनवटा जिंगल तयार गरी प्रशारण गरिएको ।<br>• सामाजिक सूचना प्रवाहबाट छाउपडिको जोखिम न्यून गराउन सचेतना वृद्धि भएको ।<br>• मानव बेचविखन विरुद्ध ३० मिनेटको डकुमेन्ट्री निर्माण गरी प्रसारण भएको ।<br>• महिला र बालिका उपर हुने हिंसा दुर्व्यवहार अन्त्यका लागि काठमाडौँ उपत्यका भित्रका १६ वटा रुटमा चल्ने साझा बसमा सन्देशमूलक विज्ञापन एवं कानुनी प्रावधान प्रसारण भैरहेको ।<br>• सातै प्रदेशको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका क्रियाकलापलाई समावेश गरी लैङ्गिक हिंसा विरुद्धको संक्षिप्त डकुमेन्ट्री निर्माण गरिएको र प्रतिवेदन प्रकाशन भएको ।<br>• प्रदेश तथा स्थानीय तहसम्म लैङ्गिक हिंसा, छाउपडी दाईजो, भ्रुण हत्या, एसिड आक्रमण कुरीति, | जिल्ला तथा प्रदेशमा मन्त्रालय अन्तर्गत कुनै संरचना इकाई नरहेकोले रा.म.उ.का. लगायतका महत्वपूर्ण कार्यक्रमहरु स्थानीय र समुदायस्तरसम्म पुऱ्याउन कठिनाइ भएको । | यस अघिका NDAC वैठकमा म तथा बा कार्यालय इकाइ राख्न प्रस्ताव गरिएको । | |

| क्र.सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | बालबिवाह विरुद्धको अभियान अन्तर्गत प्रदेश नं. ३ को काभ्रे जिल्लामा १७० जना र प्रदेश नं. २ को धनुषा जिल्लामा ३१० जना स्थानीय जनप्रतिनिधि हरुको सहभागितामा अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको ।<br>• छाउपडी सम्बन्धमा सुदुरपश्चिम प्रदेशमा परामर्श दाताबाट अध्ययन अनुसन्धान गरी प्रतिवेदन प्राप्त भएको ।<br>• सामाजिक सूचना प्रवाहबाट छाउपडिको जोखिम न्यून गराउन सचेतना वृद्धि भएको ।<br>• २०७६ लाई लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष घोषणाको लागि कार्ययोजना तयार भएको ।<br>• CEDAW को छैठौ प्रतिवेदन नेपालीमा अनुवादन गरिएको ।<br>• मन्त्रालय परिसर भित्र र बाहिर डिजिटल होर्डिङ वोर्ड राखी लैंगिक हिंसा विरुद्धका सूचनाहरु प्रवाह भईराखेका छन् ।<br>• नमूना ग्रामको सम्भाव्यता अध्ययन गरी प्रतिवेदन प्राप्त भएको जसबाट देहायको स्थान/ समुदाय छनौट भएको ।<br>• प्रदेश नं.१ मा मोरङ्ग जिल्ला उर्लावारी नगरपालीका वडा नं. ८ (बहादुरबाबा) का सन्थाल जाती। प्रदेश नं.२ मा सिराहा गोलबजार नगरपालीका वडा नं. ११ बलकावाका मुसहर र डोम समुदाय । | | | |

| क्र. सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु ( एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | प्रदेश नं. ३ मा चितवन जिल्लाको राप्ती नगरपालिका वडा नं. १०, ११, १२ , १३ चौघारा थाकलटो का चेपाङ्ग समुदाय । गण्डकी प्रदेशमा म्याग्दी जिल्लाको रघुगंगा गाँउपालीका चिमखोलाका पहाडि जनजाती तथा दलीत समुदाय ।प्रदेश नं.५ नेपालगंज उपमहानगरपालीका वडा नं. ६ फुलटेक्राका मुस्लिम समूदाय । कर्णाली प्रदेश दैलेख जिल्ला नारायण नगरपालीका वडा नं. २ जर्ककोट , ब्राम्मण , क्षेत्री तथा दलित समुदाय ।<br>• राष्ट्रियस्तरमा Male leader Network परिचालन कार्यविधि २०७५ तयार भएको ।<br>• राष्ट्रियस्तरको १ र प्रदेशस्तरको ३ वटा प्रदर्शनी सम्पन्न भएको<br>• दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको हवाई उद्धार सम्बन्धी कार्यविधि २०७५ निर्माण ।<br>• २६ जना गर्भवती तथा सुत्केरी महिलाहरुको हवाई उद्धार गरिएको ।<br>• मानव विकास सुचकांकमा पछी परेका ३० जिल्लाका ६४ वटा संस्थाका १९२० जना प्रत्येक सहभागीलाई तालिम र व्यवसाय संचालन टेवा पुँजी रु १७ हजार अनुदान उपलब्ध गराईएको ।<br>• सातै वटै प्रदेशमा हिंसा प्रभावित महिलाका लागि दीर्घकालीन पुनस्थापना केन्द्र सञ्चालन गर्न प्रत्येक | | | |

| क्र. सं. | बजेट उपशिर्षक | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति (%) मा | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु | कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ) | समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | | | | |
| | | | | | प्रदेशलाई रु १० लाखका दरले ७० लाख अनुदान प्रदान गरिएको ।<br>• उद्यमशिलता विकास तथा वित्तिय पँहुच सम्बन्धी सातै प्रदेशका ७० जना महिला उद्यमिलाई तालिम दिईएको ।<br>• बिक्रीकेन्द्र सञ्चालन कार्यविधि, २०७६ को मस्यौदा तयार भएको छ ।<br>• राष्ट्रपति महिला उत्थान कार्यक्रको शुरुवात देखि आ.व २०७५/७६ सम्मका प्रगति तथा गतिविधिहरुलाई समेटेर कार्यक्रको जानकारीमूलक बुलेटिन प्रकाशन गरिएको ।<br>प्रदेश स्तरमा ज्येष्ठ नागरिक ग्राम सम्बन्धमा :<br>• प्रदेश नं. १ र ५ मा ज्येष्ठ नागरिक ग्राम निर्माणको लागि जग्गा प्राप्त गरेको ।<br>• प्रदेश नं. २ र ३ मा जग्गा खोज्ने कार्य भइरहेको ।<br>• गण्डकी प्रदेश जग्गा प्राप्त भएको<br>• कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय, सुर्खेत र वीरेन्द्रनगर नगरपालिका सुर्खेतबीच ज्येष्ठ तथा अपांगता नागरिक ग्राम निर्माणका लागि समझदारी भएको ।<br>• सुदूरपश्चिम प्रदेश साविकमा ज्येष्ठ नागरिक भवन निर्माण भएकोसँग सहकार्य गरिरहेको । | | | |
| | | जम्मा प्रगति | | ६८.२८ | | | | |